# फिलाडेल्फिया बिद्यालय जिल्ला

अधिक्षकको कार्यालय
440 North Broad Street Suit 301
Philadelphia, PA 19130

विल्लियम आर हाइट जुनियर

जनवरी ७, २०१६

प्यारा आमा बुवा वा अभिभावक:

हरेक बर्ष फिलाडेल्फिया बिद्यालय जिल्लाले बिद्यालय प्रगती रिपोर्ट प्रदान गर्द छ। बिद्यालय प्रगती रिपोर्ट हरेक बिद्यालयको लागि "रिपोर्ट कार्ड" जस्तो हो। यो रिपोर्टले बिद्यालयको शैक्षिक सफलताको बारे जानकारी प्रदान गर्दछ र बिद्यालय सुधार गर्नको लागि मार्गदर्शकको रुपमा प्रयोग गरिन्छ। २०१४-२०१५ सालको रिपोर्ट आज प्रकाशित गरिएको थियो।

यो रिपोर्टले बिद्यालय जिल्लाका बिद्यालय र चार्टेर बिद्यालयहरुका राम्रो कुराहरु र कम्जोरीहरुका बारे जानकारी प्रदान गर्छ। १०० प्रतिशत ८ बर्षका बालकहरु आफ्नो पढाईको तहमा हुने,१०० प्रतिशत विद्यार्थीहरु कालेज र पेशाको लागि तयार हुने, र हरेक बालकको लागि आफ्नो घर नजिक धैरै राम्रो बिद्यालय छ भनेर सुनिस्चित गर्ने लक्ष्यको प्रगती हेर्न सहयोग गर्छ।

यो रिपोर्टले विद्यार्थीको सफलता, विद्यार्थीको वृद्धि, बिद्यालयको बातावरण र उच्च माद्यामिक बिद्यालयकोलागी र कालेजको लागि तियारी जस्तै बिभिन्न क्षेत्रमा बिद्यालयहरुको मुल्याङ्कन गर्छ। हरेक बिद्यालयलाई चार वटा मध्ये एउटा प्रदर्सनी तहमा वर्गीकृत गरिन्छ: नमुना (सब्बै भन्दा माथिको तह), सुधार गर्नु पर्ने, हेर्ने र हस्तक्षेप (सब्बै भन्दा तलको तह)।

यो बर्षको रिपोर्टको परिणाम हेर्दा म केही बिद्यालयको सफलता देखेर र अरु बिद्यालयमा सफल हुन सुधार गरेको मेहेनत प्रोत्साहित छु। तर हाम्रो परिणामले धैरै बिद्यालयमा, बिशेष गरी छिमेकका बिद्यालयमा भएका दृढ चुनौतीहरु पनि पुरा गर्नु पर्छ भनेर देखाएको।

यो महिनामा बिद्‌यालय जिल्लाले आमा बुवाहरुको लागि यो रिपोर्ट को अनुकुलित सुची प्रकाशित गर्ने छ जस्ले बिस्तारित रुपमा हरेक बिद्‌यालयको तहहरु, नाप गरिएको क्षेत्र, र बिद्‌यालयको सुधार योजनामा यो रिपोर्टको परिणाम कसरी प्रयोग गरिन्छ जस्ता कुराहरु हुन्छ।

यो रिपोर्ट बाट तपाईंले तपाईंको बालकको आवश्यकताहरु पुरा गर्न बिद्‌यालयको प्रगती बारे जानकारी प्राप्त गर्न सक्नु हुन्छ। तपाईंले यो रिपोर्ट प्रयोग गरी आफ्नो बालकको बिद्‌यालयको प्रदर्सनी बारे कुराहरु बुझ्न र बिद्‌यालयको प्रदर्सनी बारे प्रश्न सोध्न सक्नु हुन्छ भनेर आशा गर्दछौं।

इमान्दारिताका साथ



विल्लियम आर हाइट जुनियर